बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १६

आज मिति २०८३ साल बैशाख १५ गते मंगलबारका दिन् बिहान ८:३० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउदज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितीमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | — |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | — |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपति |
| १३ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./ सचिव | |

आमन्त्रितः

१. श्री तिलक ठकुल्ला अधिकृत (प्रशासन)
२. श्री अर्जुन प्रसाद जोशी अधिकृत (लेखा)
३. श्री कैलाश बलायर अधिकृत (कम्प्युटर)

समृद्धिको आधारः बान्नीगढी सरकार

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: १६

प्रस्ताव नं. १ : प्रदेश समपुरक आयोजना माग गर्ने सम्बन्धमा।

निर्णय नं. १ : सुदूरपश्चिम प्रदेश, प्रदेश नीति तथा योजना आयोगको मिति २०८२।१२।१९ गतेको प्रकाशित सूचना अनुसार आ.व. २०८३।०८४ मा प्रदेश सरकारको समपुरक अनुदान मार्फत कार्यान्वयन हुने देहाय बमोजिमका आयोजनाहरु मागका लागि प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने निर्णय गरियो।

देहाय:

| प्राथमिकता क्रम | प्रस्तावित आयोजनाको नाम | ठेगाना | अनुमानित बजेट (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | ३ नं. वडा कार्यालय भवन निर्माण | बान्नीगढी जयगढ गा.पा.-३ अछाम | ३,००,००,०००।०० | |
| २ | अलक नन्दा मा.वि. भवन निर्माण | बान्नीगढी जयगढ गा.पा.-४ अछाम | २,००,००,०००।०० | |
| ३ | कोटघर गाज्रा सडक स्तरोन्नती | बान्नीगढी जयगढ गा.पा.-१ अछाम | २,००,००,०००।०० | |

प्रस्ताव नं. २ : प्रदेश विशेष आयोजना माग गर्ने सम्बन्धमा।

निर्णय नं. २ : सुदूरपश्चिम प्रदेश, प्रदेश नीति तथा योजना आयोगको मिति २०८२।१२।१९ गते प्रकाशित सूचना बमोजिम आ.व. २०८३।०८४ मा प्रदेश सरकारको विशेष अनुदान मार्फत कार्यान्वयन हुने देहाय बमोजिमका आयोजना/कार्यक्रमहरु मागका लागी प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: १६

देहाय:

| प्राथमिकता क्रम | प्रस्तावित आयोजनाको नाम | ठेगाना | अनुमानित बजेट (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | ऐश्वर्य मा.वि. घेरापर्खाल निर्माण | बान्नीगढी जयगढ गा.पा.-६ अछाम | ५०,००,०००।०० | |
| २ | कैलाशखोला मटेला तटबन्धन निर्माण | बान्नीगढी जयगढ गा.पा. अछाम | ४०,००,०००।०० | |
| ३ | दलित तथा विपन्न महिला लक्षित पशुपालन तथा उद्यम विकास कार्यक्रम | बान्नीगढी जयगढ गा.पा. अन्गर्गत ६ वटै वडाहरु | ३०,००,०००।०० | |

प्रस्ताव नं. ३ : जग्गा खरिद रकम भुक्तानी सम्बन्धमा।

निर्णय नं. ३ : यस बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ४ वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न निःशुल्क जग्गा प्राप्त गर्ने उद्देश्यले दुई पटक सम्म सूचना प्रकाशन गर्दा समेत निःशुल्क रूपमा जग्गा उपलब्ध हुन नसकेकोले मिति २०८२।१०।०३ गतेको गाउँ कार्यपालिका बैठकबाट सरकारी दररेटमा जग्गा खरिद प्रक्रिया अगाडी बढाउने निर्णय भई सोही बमोजिम तोकिएको विवरण,मापदण्ड र आवश्यक कागजातहरु सहित सम्पुर्ण प्रक्रिया पुरा गरि सोहि वडा निवासी जग्गाधनी श्री टंक प्रसाद उपाध्यायको नाममा रहेको कित्ता नं. १६० को ३२७५ वर्गमिटर क्षेत्रफल भएको जग्गाबाट नियमानुसार १५२६.२२ वर्गमिटर (तिन रोपनी) जग्गा कित्ताकाट गरि कित्ता नं. २०५ तिमिल्सैन वडा कार्यालयको नाममा कायम भई जग्गाधनी दर्ता प्रमाण पुर्जा समेत जारी भईसकेको हुँदा यस आर्थिक वर्षका लागी जिल्ला मालपोत कार्यालय अछामको जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका बमोजिमको उक्त जग्गाको प्रति रोपनी रु. २,८८,०००।०० (अक्षरेपी दुई लाख अठासी हजार रुपैया) का दरले ३(तीन) रोपनी जग्गाको कुल रकम रु. ८,६४,०००।०० (अक्षरेपी आठ लाख चौसठ्ठी हजार रुपैया) जग्गाधनी श्री टंक प्रसाद उपाध्याय लाई आ.व. २०८२।०८३ को गाउँसभाबाट विनियोजित "वडा नं. ४ वडा कार्यालय भवन निर्माणका लागी जग्गा खरिद" बजेट शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: १६

---

प्रस्ताव नं. ४ : DPR संशोधन तथा अद्यावधिक गर्ने सम्बन्धमा।

निर्णय नं. ४ : वडा नं. ४ वडा कार्यालय भवन निर्माणका लागि आर्थिक वर्ष २०७७/०७८ मा तत्कालीन आवश्यकता अनुसार DPR तयार भएको तर सो समयमा DPR गरिएको जग्गा यकिन नभएको तथा उक्त DPR को लागत अनुमान न्यून रहेको देखिएको छ। हाल तोकिएको न्यूनतम मापदण्ड बमोजिमको जग्गा उक्त वडा कार्यालयको नाममा कायम भईसकेको र यस आर्थिक वर्षमा संघीय सरकारबाट समपुरक अनुदान अन्तर्गत ४ नं. वडा कार्यालय भवन निर्माणका लागी बजेट प्राप्त हुनुका साथै गाउँपालिकाबाट समेत समपुरक साझेदारी अन्तर्गत आवश्यक बजेट विनियोजन भएकोमा, पूर्वाधार विकास शाखाको राय तथा सिफारिस समेतलाई मध्यनजर गर्दा वर्तमान साइट, भौगोलिक अवस्था, माटो परीक्षण, संरचनागत मापदण्ड तथा प्रचलित दररेट अनुसार पूर्व तयार गरिएको DPR उपयुक्त नरहेको देखिएकोले उक्त DPR लाई वर्तमान अवस्था अनुरूप संशोधन तथा अद्यावधिक गरी मात्र ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो।

साथै, सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम ४ नं. वडा कार्यालय भवन निर्माण कार्यको ठेक्का प्रक्रिया अघि बढाउँदा यस आर्थिक वर्ष भित्र ठेक्का सम्झौता सम्पन्न हुन नसकेमा वा ठेक्का सम्झौता भई कार्यान्वयनको क्रममा आगामी आर्थिक वर्षमा संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान बाफतको बजेट समपुरक अनुदान नीति ,मापदण्ड परिवर्तन ,बजेट विनियोजन नहुनु, प्राविधिक/डिजाइन स्वीकृतिमा परिवर्तन, कानुनी वा प्रशासनिक लगायत कुनै पनि कारणले क्रमागत रूपमा प्राप्त नभएमा, उक्त वडा कार्यालय भवन निर्माणका लागि आवश्यक पर्ने सम्पूर्ण बजेटको व्यवस्थापन तथा आर्थिक दायित्व गाउँपालिकाले आफ्नै स्रोतबाट बेहोर्ने निर्णय सर्वसम्मत गरियो।

प्रस्ताव नं. ५ : कार्यक्रम आयोजना गर्ने सम्बन्धमा।

निर्णय नं. ५ : मिति २०८१।०३।१७ गतेको जिल्ला समन्वय समिति अछामको आयोजना र सम विकास नेपालको समन्वयमा "मेरो शरीर मेरो अधिकार; मर्यादित महिनावारीका लागि छाउपडी गोठ व्यवस्थापन" सम्बन्धि अन्तर्क्रिया कार्यक्रममा अछाम जिल्लालाई छाउगोठ मुक्त बनाउने उद्देश्यले जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरुले साझा अभियानको रुपमा ग्रहण गर्ने भन्ने आपसी सहमति र सम्झौता अनुसार जिल्ला स्तर सामाजिक क्षेत्र विकास निर्देशक तथा समन्वय समितिको बैठक यस बान्नीगढी जयगढ गाउँपालिकामा मिति २०८३ वैशाख २९ गते मंगलबारका दिन आयोजना गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १६

---

प्रस्ताव नं. ६ : खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई बजेट उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं. ६ : बान्नीगढी जयगढ गाउँपालिका तथा संघीय सरकारको संयुक्त लागत साझेदारीमा सम्पन्न भएको एक घर एक धाराको अवधारणा अन्तर्गत मिटर प्रविधि सहितको जयगढ– खालगडा– छातासैन बृहत खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको जिम्मेवारी मिति २०८२।१०।२० गतेको कार्यपालिका बैठकको निर्णय अनुसार **बान्नीगढी खानेपानी उपभोक्ता तथा सरसफाई समिति**लाई हस्तान्तरण भइसकेको छ। हाल उक्त समितिले नयाँ रूपमा जिम्मेवारी ग्रहण गरेको, आफ्नै आन्तरिक स्रोत पर्याप्त नरहेको तथा आयोजना निर्माणको सिलसिलमा सम्झौता बमोजिमका कर्मचारी व्यवस्थापन गर्न, मिटर रिडिङ्ग गर्न, आवश्यकता अनुसार मर्मत सम्भार तथा सरसफाई लगायतका कार्य सञ्चालन गर्न आर्थिक व्यवस्थापन आवश्यक रहेको सन्दर्भमा, उक्त खानेपानी उपभोक्ता तथा सरसफाई समितिको च.नं. ३ मिति २०८३।०१।१४ को आर्थिक सहयोग उपलब्ध गराईदिने सम्बन्धि पत्र तथा हालको आवश्यता र औचित्यतालाई मध्यनजर गरी आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "खानेपानी तथा सरसफाई सम्बन्धि कर्मचारी व्यवस्थापन तथा सञ्चालन" शीर्षकमा विनियोजित रकम मध्ये रु.२,२५,०००।०० (अक्षेरुपी दुई लाख पच्चीस हजार रुपैयाँ) प्रचलित कानुन बमोजिम अनुदान मार्फत वा सम्झौता अनुसार निकासा/खर्च गर्ने गरी उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ७ : १५ शैया अस्पताल भवन निर्माण कार्यको म्याद थप सम्बन्धमा।

निर्णय नं. ७ : यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत वडा नं. ५ भालुमारेमा निर्माणाधीन १५ शैया अस्पताल भवन निर्माण कार्य (ठेक्का नं. BJRM/NCB/W/०४/२०७७/२०७८) का लागि मिति २०७८/०३/२२ मा श्री स्वाँर/असोसियट/रन्जितकार जे.भि. सँग सम्झौता भई निर्माण कार्य भैरहेको उक्त भवनको निर्माण कार्यको म्याद २०८२ साल चैत्र मसान्त सम्म कायम रहेकोमा उक्त भवन निर्माण कार्यको लागि आवश्यक बजेट समयमै प्राप्त हुने सुनिश्चितता नभएको कारण कार्य प्रगति प्रभावित भई तोकिएको म्यादभित्र कार्य सम्पन्न हुन नसकेको, उक्त निर्माण कम्पनीले भवन निर्माणका लागी थप समय चाहिने बेहोरा सहित म्याद थपका लागि निवेदन पेश गरेको तथा पूर्वाधार विकास शाखाको सिफारिस अनुसार भवन निर्माणको कार्य प्रगति सन्तोषजनक नै रहेको र बाँकी कार्य सम्पन्न गर्न म्याद थप गर्न आवश्यक देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम उक्त १५ शैया अस्पताल भवन निर्माण कार्यको म्याद २०८३ साल असोज मसान्त सम्म (६ महिना) थप गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १६

प्रस्ताव नं. ८ : प्रदेश सरकारसँग आयोजना माग गर्ने सम्बन्धमा।

निर्णय नं. ८ : यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गतका वडाहरूमा आधारभूत पूर्वाधार विकास, सामाजिक सेवा विस्तार तथा जनताको जीवनस्तर उकास्ने उद्देश्यले विभिन्न प्राथमिकताका आयोजनाहरू कार्यान्वयन गर्न आवश्यक देखिएको सन्दर्भमा, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रणाली अन्तर्गत आ.व. २०८३।०८४ मा प्राप्त हुने गरी देहाय बमोजिमका आयोजनाहरू सुदूरपश्चिम प्रदेश सरकार समक्ष प्रस्ताव गर्ने निर्णय गरियो।

देहायः

| क्र.स. | आयोजनाको नाम | अनुमानित बजेट(रु.मा) | कैफियत |
|---|---|---|---|
| १ | बाच्कोट खानेपानी डिपबोरिङ्ग निर्माण वडा नं.-५ | ४० लाख | |
| २ | धामीगाँउ खानेपानी डिपबोरिङ्ग निर्माण वडा नं.-३ | ४० लाख | |
| ३ | पाटेखेत घट्टेबगर तटबन्धन निर्माण वडा नं.-६ | ५० लाख | |
| ४ | भडार सुगाली सिचाँई कुलो निर्माण वडा नं.- ५ | २० लाख | |
| ५ | २ नं. वडा कार्यालय भवन निर्माण | ३ करोड | |
| ६ | बृहत सिचाँई पोखरी निर्माण वडा नं.-५ | ६० लाख | |
| ७ | सिलकिधारा सिचाई पोखरी निर्माण वडा नं.-६ | ३० लाख | |
| ८ | बनधारा खानेपानी डिपबोरिङ्ग निर्माण वडा नं.-२ | ५० लाख | |
| ९ | मार्सेधारा-जनालिकोट सिचाँई कुलो निर्माण वडा नं.-२ | २० लाख | |
| १० | जनालीकोट-सल्लेना-तिमिल्सैन ग्रामिण सडक स्तरोन्ती | ३ करोड | |
| ११ | जयगढ-छातासैन ग्रामिण सडक स्तरोन्नती वडा नं.-३ | ३ करोड | |
| १२ | सल्या खानेपानी योजना निर्माण वडा नं.-१ | २० लाख | |
| १३ | सैने सिचाँई कुलो निर्माण वडा नं.-६ काडाकोट | २० लाख | |
| १४ | माझेठाना-काडाकोट सडक स्तरोन्नती वडा नं.- ६ | २ करोड | |
| १५ | बिरखम-वडा कार्यालय सडक स्तरोन्ती वडा नं.- | ३ करोड | |

प्रस्ताव नं. ९ : ईन्धन खर्च रकम भुक्तानी तथा अनुमोदन सम्बन्धमा।

निर्णय नं. ९ : यस बान्नीगढी जयगढ गाउँपालिकामा ईन्धन सुविधा सम्बन्धमा निर्वाचित पदाधिकारीहरुको हकमा प्रदेश कानुन बमोजिम र कर्मचारीहरुको हकमा गाउँपालिकाको कार्यसञ्चालन

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः १६

---

निर्देशिका,२०७७ बमोजिम उपलब्ध हुने व्यवस्था रहेको भए तापनि भौगोलिक विकटता, पुराना सवारी साधनमा इन्धन खपत बढी हुनु, सेवा प्रवाहका क्रममा अतिरिक्त आवतजावत आवश्यक पर्नु लगायतका कारण तोकिएको सीमा भन्दा बढी ईन्धन प्रयोग भई कुपन समेत जारी भएको देखिएको छ।

साथै, गत फागुन महिनामा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन अवधिमा सुरक्षा निकायलाई सवारी साधन तथा ईन्धन उपलब्ध गराउनु परेको तथा वडा नं. ५ मा अवस्थित थालाकोट क्रिकेट खेलमैदान मर्मत कार्यमा समेत गाउँपालिकाको ईन्धन सहित ब्याकुलोडर प्रयोग भएको सन्दर्भमा हालसम्म तोकिएको सीमा बढी प्रयोग भएको ९८५ (नौ सय पचासी) लिटर डिजेल र ३४४ (तीन सय चौवालिस) लिटर पेट्रोलको रकम संलग्न बिल/भरपाई र लगबुकका आधारमा भुक्तानी गर्ने र सो भुक्तानी रकम अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १० : गाउँ शिक्षा समिति सदस्य मनोनित गर्ने सम्बन्धमा।

निर्णय नं. १० : यस बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षा ऐन, २०७८ को दफा १५ को उपदफा (१) को खण्ड (घ) मा भएको व्यवस्था बमोजिम कार्यपालिका सदस्य श्री तर्क टमट्टालाई बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ शिक्षा समितिको सदस्यमा मनोनित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ११ : कार्यविधि संशोधन गर्ने सम्बन्धमा।

निर्णय नं. ११ : मिति २०८२।१२।२५ गते बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार देहायका कार्यविधिहरूमा आवश्यक संशोधनको मस्यौदा तयार गर्ने जिम्मेवारी प्रशासन तथा व्यवस्थापन शाखालाई दिइएकोमा सोही बमोजिम शाखाबाट तयार भई पेश भएका देहायका कार्यविधिहरूको संशोधन मस्यौदामाथि आज बसेको गाउँ कार्यपालिकाको बैठकमा दफावार छलफल गरी आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

देहायः

(क) अध्यक्ष युवा स्वरोजगार सञ्चालन (पहिलो संशोधन) कार्यविधि,२०७७

(ख) खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१